मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १५८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ बैशाख १३ गते मंगलबार (Tuesday, April 26. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## जुवा खेल्ने सात जना पक्राउ

**मोरङ, बैशाख १२।** मोरङको ग्रामथान गाउँपालिका-४ कटहरीस्थितबाट जुवा खेल्ने सात जनालाई प्रहरीले पक्राउ गरेको छ ।

आइतवार बेलुका जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा जुवा खेलिरहेको अवस्थामा उनीहरुलाई कौडा र नगद ६ लाख ४१ हजार ३ सय १५ रुपैयाँसहित नियन्त्रणमा लिएको हो ।

पक्राउ परेका सातै जनाको जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भइरहेको छ ।

# उम्मेदवारी दर्ता उत्साहजनक

**झापा, बैशाख १२।** स्थानीय तह निर्वाचनका लागि उम्मेदवारी दर्ताको दोस्रो तथा अन्तिम दिन सोमवारराति अवेरसम्म उम्मेदवारी दर्ता भएको छ ।

देशैभर उत्साहका साथ राजनीतिक दलहरु बाजागाजा तथा झाँकीसहित उम्मेदवारी दर्ताका लागि तोकिएको निर्वाचन कार्यालयमा पुगेका थिए । स्वतन्त्र उम्मेदवारी समेत उल्लेख्य संख्यामा परेको छ । छिटफुट घटना बाहेक देशैभर शान्तिपूर्ण रुपमा उम्मेदवारी दर्ता सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार ३५ हजार दुई सय २१ पदका लागि एक लाख बढीको उम्मेदवारी परेको छ । अघिल्लो चुनावमा ढेढ लाखको हाराहारीमा उम्मेदवार चुनावी मैदानमा थिए । यस बर्षको उम्मेदवारको संख्या यकिन गर्न मध्यरातमा पनि मुस्किल हुने आयोगले जनाएको छ । आयोगले उम्मेदवारी दर्ताका लागि दुई दिनको समय तोके पनि अधिकांश दलका उम्मेदवार दोस्रो दिन मात्र उम्मेदवारी दर्ता गर्न पुगेका थिए । सोको व्यवस्था गर्न आयोगका कर्मचारीलाई हम्मे-हम्मे परेको थियो ।

झापाको बिर्तामोड नगरपालिकामा प्रमुख पदका लागि १० र उपप्रमुख पदका लागि ९ जनाको उम्मेदवारी परेको छ । जसमा गठबन्धन दलका तर्फबाट भोजराज सिटौला, नेकपा एमालेका तर्फबाट पवित्रादेवी महतारा, राप्रपाबाट ध्रुवकुमार उप्रेती, मौलिक जरो किलो पार्टीबाट प्रज्ज्वल अधिकारी शर्मा, मंगोल नेशनल अर्गनाइजेशनबाट राजकुमार लावती, स्वतन्त्रमा नगेन्द्र



अधिकारी, नेपाल लोकतान्त्रिक पार्टीबाट अञ्चल धिमाल, जनता समाजवादी पार्टीबाट उदय गुरुङ, आमुल परिवर्तन मसिहा पार्टीबाट मनकुमार खुदाङ लिम्बूले उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै उपप्रमुखमा गठबन्धन दलका तर्फबाट माओवादी केन्द्रका सीपी कडरिया, नेकपा एमालेका नगेन्द्र संग्रौला, राप्रपाबाट रञ्जु प्याकुरेल, मौलिक जरोकिलोबाट रीतादेवी निरौला, मंगोल अर्गनाइजेशनबाट रीतादेवी शर्मा, नेकपा समाजवादीकातर्फबाट तीर्थ सिग्देल, जनता समाजवादीका चिजा राई, विवेकशील साझा पार्टीका निशा सोनी कर्णले उपप्रमुखका लागि उम्मेदवारी दर्ता गराएका छन् ।

शिवसताक्षी नगरपालिकामा मेयर पदका लागि १० जनाको उम्मेदवारी परेको छ भने उपमेयरमा ६ जनाको उम्मेदवारी परेको छ । मेयर पदका लागि गठबन्धन दलका तर्फबाट नेपाली कांग्रेसका पर्शुराम ढुंगानासहित एमालेका मेघाहाङ थोप्रा, जनुमक्तिका देवीकुमार सेर्मा, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका प्रकाश लिङ्देन, स्वतन्त्रबाट योगमणि अधिकारी, नेकपा एसका कोकिला न्यौपाने, उन्नत लोकतान्त्रिकबाट रामकृष्ण ताजपुरिया, जसपाबाट पवन राई, मौलिक जरो किलोबाट उमाकान्त सिटौला र राप्रपाबाट मणिकुमार खड्काको उम्मेदवारी परेको छ । यता उपमेयर पदका लागि गठबन्धन दलकातर्फबाट माओवादी केन्द्रका महेन्द्रकुमार भट्टराईसहित एमालेबाट नरमाया कार्की, राष्ट्रिय जनमुक्तिबाट भीमकुमार योङ्हाङ, नेकपा एसबाट नवीन इजम, उन्नत लोकतान्त्रिकबाट सृजना मैनाली र राप्रपाबाट विष्णुकुमारी लुइँटेलको उम्मेदवारी परेको छ ।

दमक नगरपालिकामा मेयर पदका लागि १६ जनाको उम्मेदवारी परेको छ । मेयर पदका लागि मौलिक जरो किलो पार्टी राजकुमार दाहाल, स्वतन्त्र निलकण्ठ सापकोटा, लोकतान्त्रिक समाजवादी पार्टी कृष्ण राया, नेकपा एमाले गीताकुमारी पौडेल अधिकारी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च यामबहादुर लिम्बू, किरात खम्बुवान साझा पार्टी देउकुमार राई, स्वतन्त्र वीरसिंह धिमाल, राष्ट्रिय प्रजातन्त्र पार्टी यामकुमार थापा, स्वतन्त्र कृष्ण खनाल, मंगोल अर्गनाइजेशन दिपेशकुमार राई, उन्नत लोकतान्त्रिक पार्टी दीपेन्द्र पौडेल, स्वतन्त्र नेत्रजंग थापा, कमल पराजुली, विवेकशील साझा पार्टी रेवतचन्द्र भण्डारी, नेपाली जनता दल रामप्रसाद तिम्सिना, राष्ट्रिय जनमुक्ति पार्टी धनराज राई र जनता समाजवादी पार्टीका तर्फबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

## भद्रपुरमा एमाले कार्यकर्ता असन्तुष्ट

**भद्रपुर, बैशाख १२।** नेकपा एमालेले आन्तरिक चुनावी प्रतिस्पर्धा गरेर मेयर र उपमेयरमा टिकट दिए पनि वडास्तरमा त्यो लागू नहुँदा कार्यकर्ताहरु असन्तुष्ट देखिएका छन् ।

एमाले जिल्ला कार्य समितिले स्थानीय तह उम्मेदवार छनौटका लागि वडादेखि नगरसम्म आन्तरिक चुनावी प्रतिस्पर्धा गराएका थिए । सो प्रतिस्पर्धा अनुसार उम्मेदवार छनौट नभएको उनीहरुले बताएका छन् ।

नेकपा एमाले प्रदेश कमिटीले आन्तरिक चुनावी प्रतिस्पर्धाबाट झापा जिल्लाको पालिका प्रमुख र उपप्रमुखमा बढी मत ल्याएको नाम मात्र घोषणा गरेर अन्यलाई पाखा लगाउने काम गरेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## १७ जनाले त्यागे माओवादी

**भद्रपुर, बैशाख १२।** स्थानीय तह निर्वाचनको मुखमा नेकपा (माओवादी केन्द्र) का प्रदेश सदस्यसहित १७ जना नेता तथा कार्याकर्ताहरूले पार्टी परित्याग गरेका छन् ।

माओवादी केन्द्रकी प्रदेश सदस्य मिरा अधिकारी, झापा जिल्ला सचिवालय सदस्य तथा भद्रपुर नगर इञ्चार्ज नरेश सञ्जेलसहित १७ जनाले सोमवार विज्ञप्ति जारी गर्दै पार्टी परित्यागको घोषणा गरेका हुन् ।

लक्ष्मण कट्टेल, भरतसिंह राजवंशी, धिरेन राजवंशी, चन्द्रमणि गौतम, ज्ञानबहादुर पुरी, विष्णुबहादुर राई, गंगाप्रसाद राई, कृष्ण तामाङ (सन्तोष), योगराज अधिकारी,

*(बाँकी अन्तिम पृष्ठमा)*

TAKSHASHILA EDUCATION FOUNDATION
Harkalal Marga, Ghantibari, Birtamode-6, Jhapa

ADMISSION NOTICE

Admissions Open for Academic Session 2079 for Classes
PLAY GROUP TO GRADE 8

TAKSHASHILA EDUCATION FOUNDATION

- Forms available from school office on all working days.
(Sunday through Friday) between 9:00 to 4:00 p.m.
- Last date for the submission of forms 16 Baisakh 2079, 29 April 2022.
- Admission test 19 & 20 Baisakh 2079, 2 & 3 May 2022 (10:00 a.m.- 2:00 p.m.)
- Announcement of result 23 Baisakh 2079, 6 May 2022.

For futher details contact the school admission desk:
Phones: 023-543211, 023-542020, 9841457199

## निर्वाचनमा बालबालिकाको दुरुपयोग

**झापा, बैशाख १२।** बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ६६को उपदफा २मा कुनै पनि राजनीतिक दलहरूले राजनीतिक प्रयोजनका लागि बालबालिकालाई संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना र जुलुस जस्ता कार्यमा प्रयोग गर्न नहुने भनी उल्लेख गरिएको छ ।

उक्त ऐनमा उल्लेख गरिए विपरीत

*(बाँकी अन्तिम पृष्ठमा)*

कर्मचारी आवश्यकता

बिर्तामोडमा सञ्चालित एक मेनपावर शाखा कार्यालयलाई निम्न अनुसारका कर्मचारी आवश्यकता परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
पदः **रिसेप्सनिष्ट** – १ जना
(मेनपावर क्षेत्रमा काम गरेकालाई विशेष प्राथमिकता ।)

साउण्ड लाइन्स रिक्रुटमेन्ट प्रा.लि.
शाखा कार्यालय, बिर्तामोड, झापा (मो. ९८०८४६५६१०)

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।
**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र**
**अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

ADMISSION OPEN
FOR NURSERY TO CLASS IX

FIRST ENTRANCE DATE:
14TH BAISAKH

BALMIKI EDUCATION FOUNDATION
Birtamode-1, Jhapa, Nepal
For more info:
023-540195/542820

V A C A N C Y
ANNOUNCEMENT

**Aims Educational Academy** offer unique feature of learning with a great emphasis on core value and dedicated for holistic development of students invites applications from self-motivated, competent professional for the following positions:

| S.N. | Position | Subjects | Level | No. |
|---|---|---|---|---|
| 1 | Subject Teacher | English | Primary Level (Class 1-5) | 3 |
| 2 | Subject Teacher | English | Basic Level (Class 6-8) | 1 |
| 3 | Grade Teacher | | Preprimary | 3 |
| 4 | Sports Teacher | Sport | Basic Level | 1 |

Interested and aspiring candidate can drop their application along with CV, copies of credentials by 15th of Baishakh at the school administration during office hours.
**Contact: - 9852674269/9816032166**

Little Flowers' English School
VACANCY ANNOUNCEMENT

Little Flowers' English School (LFES), is a leading educational institution in the Eastern Region of Nepal, founded in 1981 AD and located at Birtamod-4, Anarmani. It is a co-educational school, focussed on providing overall development of students through progressive and student-centric approach to teaching-learning activities.

We are inviting applications from well-qualified and dynamic candidates, possessing strong command over written and spoken English and having relevant years of working experience in the post applied for.

1. **Teacher for ECEC Wing - 1**
   Qualification: Bachelor's degree with background of ECEC (Early childhood education and care)/Montessori/Progressive School.

**2. Primary School**
Qualification: Bachelor's degree in related field
- Block In-charge - 1
- Grade Teacher - 2
- Nepali Teacher - 1

**3. Lower Secondary School**
Qualification: Master's degree in related field
- Block In-charge - 1
- Social Studies Teacher - 1
- Science Teacher - 1

**4. School Counsellor - 1**
Trained or certified personnel to maximize student success, promoting access and equity for all students.

The remuneration, benefits are highly attractive and salary is no bar for deserving candidates, hence those meeting the criteria are highly encouraged to apply. Interested candidates can apply for the relevant post with an application, expected salary and updated CV to **vacancy@lfes.edu.np**, or alternately drop the application and CV in person at the School Office latest by **20th of Baisakh, 2079**. Only short-listed candidates will be contacted for the recruitment process.

**Little Flowers' English School**
Birtamod-4, Jhapa, Nepal
Contact: 023-530172 / 530767 | www.lfes.edu.np

GEMS GROUP

## एमाले नगर इन्चार्ज बागी उम्मेदवार



**मेचीनगर, बैशाख १२।** नेकपा एमाले मेचीनगरका इन्चार्ज देवकुमार राईले नगरप्रमुखमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

एमालेले गोपालचन्द्र बुढाथोकीलाई आधिकारिक उम्मेदवार बनाएकाले राईले बागी उम्मेदवारी दर्ता गरेको बताइएको छ ।

मेचीनगर-६ काँकरभिट्टा निवासी एमाले झापाका सचिवालय सदस्य समेत रहेका राईले आफ्नो उम्मेदवारी एमालेका इमान्दार कार्यकर्ताको पक्षमा रहेको बताएका छन् ।

## कमलका उपाध्यक्ष शिवाकोटी वडा सदस्यको उम्मेदवार

**कमल, बैशाख १२।** कमल गाउँपालिकाका उपाध्यक्ष बेनु शिवाकोटीले वडासदस्यमा उम्मेदवारी दिएका छन् ।

उपाध्यक्षबाट राजीनामा दिएर शिवाकोटीले कमल-६बाट खुला वडासदस्यमा उम्मेदवारी दिएका हुन् । एमालेले उनलाई जिल्ला समन्वय समितिको प्रमुख बनाउने आश्वासन दिएपछि वडासदस्य उठेको बताइएको छ ।

शिवाकोटी यसअघि स्थानीय निकायमा पनि तत्कालीन लखनपुरको गाविसको उपाध्यक्ष भएका थिए । ०७४को पहिलो स्थानीय तहको निर्वाचनमा उनी उपाध्यक्षमा निर्वाचित भएका थिए ।

## दमकमा राप्रपा पनि सत्ता गठबन्धनमा

**मेयरमा राप्रपाका राम थापा, उपमेयरमा कांग्रेसकी रेगिना भट्टराई**

**बिर्तामोड, बैशाख १२।** पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको गृहनगर दमक नगरपालिकामा एमालेबिरुद्ध चुनावी तालमेल गरेका गठबन्धन दलले उम्मेदवारी दर्ता गराएका छन् ।

दमकमा एमालेबिरुद्ध सत्तारुढ दलहरुले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लाई समेत गठबन्धनमा सामेल गराएका छन् । तालमेल अन्तर्गत कांग्रेस-माओवादी केन्द्रले राप्रपालाई नगरपालिकाको मेयरसहित दुई वटा वडा दिने सहमति जुटाएका छन् ।

सहमति अनुसार गठबन्धनकातर्फबाट राप्रपाका प्रदेश १ अध्यक्ष राम थापाले मेयर पदमा उम्मेदवारी दर्ता गराएका हुन् । नगरपालिकाको उपमेयरमा कांग्रेसकी रेगिना भट्टराई प्रसाईंले उम्मेदवारी दर्ता गराएकी छिन् ।

चुनावी तालमेल अन्तर्गत दमकमा मेयरसहित १ र ७ नम्बर वडा राप्रपालाई, उपमेयरसहित ३, ४, ५ र १० कांग्रेसलाई तथा २, ६, ८ र ९ नम्बर वडामा माओवादी केन्द्रलाई उम्मेदवारी दिने सहमति जुटेको हो । थापा दमकका पूर्वमेयर हुन् । प्रसाईं अघिल्लो चुनावमा उपमेयर पदमा पराजित भएकी थिइन् । दमकमा ५८ हजार १ सय ७६ मतदाता छन् । एमाले भने एक्लै चुनावी मैदानमा उत्रिएको छ ।

## शेरबहादुर कांग्रेसको वागी उम्मेदवार



**झापा, वैशाख १२।** नेपाली कांग्रेसका नेता तथा समाजसेवी शेरबहादुर थापाले पार्टी परित्याग गरेका छन् ।

पार्टीबाट मेयर पदका आकांक्षी उनले टिकट नपाएपछि कांग्रेसको साधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेको बताए ।

आफूले वर्षौंदेखि कनकाई नगरपालिकाको मेयर पदका लागि तयारी गरेको र पार्टीले आफूलाई नपत्याएको भन्दै पार्टी परित्याग गरेको सामाजिक सञ्जालमा उनले लेखेका छन् ।

पार्टी परित्याग लगत्तै उनले स्वतन्त्रबाट कनकाईमा मेयर पदका लागि उम्मेदवारी दिएका हुन् ।

## बुद्धशान्तिमा कांग्रेस र माओवादी पार्टी कार्यालयमा तोडफोड

**झापा, वैशाख १२।** झापाको बुद्धशान्ति गाउँपालिकामा उम्मेदवारका विषयमा विवाद हुँदा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको पार्टी कार्यालयमा तोडफोड भएको छ । आफू पक्षीय नेताले टिकट पाउनुपर्ने भन्दै दुवै पार्टीका कार्यकर्ताबीच विवाद भएको थियो ।

कांग्रेसको तर्फबाट वडा नं. ४को वडाध्यक्षको उम्मेदवारका विषयमा विवाद हुँदा कार्यकर्ताले पार्टी कार्यालयमा तोडफोड गरेका छन् । वडा नं. ४मा कांग्रेसबाट चेतन ढुंगेल र शेरबहादुर रायको नाम चर्चामा थियो । उनीहरुमध्ये चेतन ढुंगेलले टिकट पाउनुपर्ने भन्दै कार्यालयमा तोडफोड भएको हो ।

त्यस्तै बुद्धशान्तिमा सत्ता गठबन्धन कांग्रेस र माओवादी केन्द्रबीच चुनावी तालमेलको प्रयास जारी छ । तालमेल भए माओवादीले उपाध्यक्ष पाउने छ । उपाध्यक्षका लागि माओवादीबाट खड्ग तिम्सिना र प्रेम नेम्वाङको नाम चर्चामा छ । प्रेम नेम्वाङले टिकट पाउनुपर्ने भन्दै वाईसीएलका कार्यकर्ताले माओवादीको पार्टी कार्यालयमा पनि तोडफोड गरेका थिए ।

## बिर्तामोड ५मा एमालेकी आरती र १ मा कांग्रेसका निकुञ्ज स्वतन्त्र उम्मेदवार

**झापा, वैशाख १२।** वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि बिर्तामोड-५को वडाध्यक्ष पदमा आरती नेवार श्रेष्ठले उम्मेदवारी दिएकी छिन् ।

नेकपा एमालेको नगर सदस्य तथा वडा सहइन्चार्ज समेत रहेकी श्रेष्ठले नगरको विकासमा आफ्नो अहम् भूमिका रहने दावी गर्दै अध्यक्ष पदका लागि उम्मेदवारी दिएको बताइन् ।

यता बिर्तामोड-१मा निकुञ्ज बस्नेतले वडाध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका छन् । उनी पेशाले इञ्जिनियर हुन् ।

## श्रीमतीको हत्या गरेको अभियोगमा श्रीमान पक्राउ

**काठमाडौं, बैशाख १२।** श्रीमती ३० वर्षीया अस्मिता चौधरीको हत्या गरेको अभियोगमा बुढानिलकण्ठ नगरपालिका-१० कपन आकाशे धारा नजिक डेरा गरी बस्ने सिरहा लाहान नगरपालिका-७ घर भएका ४२ वर्षीय प्रवीन चौधरीलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ ।

उनले आफ्नै श्रीमतीलाई सुतिरहेको अवस्थामा शरीरमा तार्पिन नामक तेल खन्याई आगो लगाई घाइते बनाएको अवस्थामा स्थानीय मानिसहरुले फेला पारी घाइतेलाई उपचारको लागि सुस्मा मेमोरियल अस्पताल साँखु लगेकोमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यता मकवानपुर आफ्नै श्रीमती २८ वर्षीया दिया शर्माको हत्या गरेको अभियोगमा बकैया गाउँपालिका-५ तीन तले बस्ने भारत मध्य प्रदेश भोपाल घर भएका ३० वर्षीय पवन सोनीलाई प्रहरीले पक्राउ गरेको छ ।

पवनले घरायसी विवादको कारण सुत्ने कोठामा घाँटी थिची हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय फापरबारी र अस्थाई प्रहरी पोष्ट गरगरेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## फरार पक्राउ

**काठमाडौं, बैशाख १२।** बैंकिङ कसूर तथा ठगी मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१० बानेश्वर बस्ने रौतहट देवाही गोनाही नगरपालिका-३ घर भएका ४३ वर्षीय मुत्यन्य जयसवाललाई प्रहरीले पक्राउ गरेको छ ।

बैंकिङ कसूर तथा ठगी मुद्दामा फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-१० अनामनगरबाट पक्राउ गरेको हो । उनले विभिन्न आठ जनालाई प्रलोभनमा पारी ७ करोड १३ लाख रुपैयाँ ठगी गरेको पाइएको छ ।

### उम्मेदवारी ...

पवन विष्टको उम्मेदवारी परेको छ ।

उपप्रमुख पदमा पार्टी नेपाल मेरी राजवंशी, मौलिक जरोकिलोबाट खेमकुमारी ओली, नेकपा एमाले अम्बिका खनाल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च विष्णुमाया थापा, राप्रपा नेपाल बाशुदेव भट्टराई, मंगोल अर्गनाइजेशन पुष्पा शेर्पा, नेपाली कांग्रेस रेगीना भट्टराई प्रसाईं, एकीकृत समाजवादी महेश घिमिरे, स्वतन्त्र रुकमणि विष्ट, राष्ट्रिय जनमुक्ति पार्टी धनमाया मगर थापा र नेपाली जनता दलबाट पार्वती कार्कीको उम्मेदवारी परेको छ ।

झापा गाउँपालिकामा नेकपा एमाले र नेपाली कांग्रेसले ३७ वटै पदमा उम्मेदवारी दिएका छन् । गठबठन्धन दलका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार जयनारायण साह, एमालेबाट गौरीशंकर राजवंशी, राप्रपाबाट चन्द्रबहादुर कार्की, नेकपा समाजवादी र जसपाबाट मोतीलाल कामतीको अध्यक्ष पदमा उम्मेदवारी परेको छ । उपाध्यक्ष पदमा गठबन्धनकातर्फबाट अञ्जु थपलिया, नेकपा एमालेबाट धनमाया कोइराला, राप्रपाबाट तारामाया राई, समाजवादीबाट ईश्वरीप्रसाद दाहालको उम्मेदवारी परेको छ ।

कमल गाउँपालिकामा गठबन्धनकातर्फबाट हुकुम सिंह राई र नेकपा एमालेका तर्फबाट भीमप्रसाद राईको उम्मेदवारी परेको छ भने राप्रपाको तर्फबाट विक्रम पाण्डेको अध्यक्षमा उम्मेदवारी परेको छ । उपाध्यक्ष पदका लागि गठबन्धनको तर्फबाट पर्शु सुवेदी, नेकपा एमालेबाट प्रमिला न्यौपाने तिवारी, राप्रपाको तर्फबाट तारा अधिकारी बस्नेतको उम्मेदवारी परेको छ ।

कचनकवल गाउँपालिकामा अध्यक्ष पदका लागि नेपाली कांग्रेसका कालेन्द्रप्रसाद सिंह राजंशी, राप्रपाका अञ्जरा आलाम, नेकपा एमालेका तर्फबाट दुर्गादेवी नेपाल, नेकपा माओवादी केन्द्रका बुद्धिप्रसाद नेपाल, लोसपाबाट कर्णलाल राजवंशी, जनमत पार्टीबाट वाकसिंह राजवंशी, नेकपा एकीकृत समाजवादीबाट खेपचरण राजवंशी, जसपाबाट ज्ञानबाबु राई, स्वतन्त्रबाट लेखबहादुर भट्टराई र बिनोदकुमार खरेलको उम्मेदवारी परेको छ । त्यस्तै उपाध्यक्षमा गठबन्धनकातर्फबाट सैलेतुन खातुन, राप्रपाबाट निमसरी राजवंशी, एमालेबाट नवराज भट्टराई, माओवादी केन्द्रबाट भगीरथा अधिकारी, लोसपाबाट हेलामती राजवंशी, जनमत पार्टीबाट सरस्वती मुखियाको उम्मेदवारी परेको छ ।

अर्जुनधारा नगरपालिकामा प्रमुख पदका लागि ३ जना र उपप्रमुख पदका लागि ५ जनाको उम्मेदवारी परेको छ । प्रमुख पदका लागि गठबन्धनका तर्फबाट रञ्जिता कार्की, एमालेका बलदेवसिंह गोम्देन, राप्रपाबाट सूर्यकुमार खतिवडाको उम्मेदवारी परेको छ भने उपप्रमुखमा गठबन्धनकातर्फबाट जिपेश योञ्जन, एमालेबाट खड्गमाया पराजुली, उन्नत लोकतान्त्रिक पार्टीबाट चित्रबहादुर विक, राप्रपाबाट तारादेवी बस्नेत, नेकपा समाजवादीबाट प्रेमसागर सापकोटाको उम्मेदवारी परेको छ ।

बाह्रदशी गाउँपालिकामा अध्यक्ष पदका लागि १० र उपाध्यक्ष पदका लागि पाँच जनाको उम्मेदवारी परेको छ । नेपाली कांग्रेसका तर्फबाट खड्गप्रसाद राजवंशी, नेकपा एमालेका तर्फबाट देविन्द्रप्रसाद चम्लागाँई, जनमत पार्टीबाट अमिनलाल राजवंशी, उन्नत लोकतान्त्रिक पार्टीबाट उमादेवी विश्वकर्मा, स्वतन्त्रबाट दलबहादुर थापा, संघीय लोकतान्त्रिक मञ्चबाट प्रेमबहादुर लिम्बू, विवेकशील साझा पार्टीबाट भूपिन कटुवाल, जनता समाजवादी पार्टीबाट रंगलाल राजवंशी, राप्रपाबाट रामकुमार सिंह राजवंशी र मौलिक जरोकिलो पार्टीबाट श्यामप्रसाद उप्रेतीको अध्यक्ष पदका लागि उम्मेदवारी परेको छ । उपाध्यक्ष पदमा गठबन्धन दलका तर्फबाट माओवादी केन्द्रका शंकरप्रसाद सेढाई, एमालेबाट शान्ता देवी शिवाकोटी, स्वतन्त्रबाट लक्ष्मी तिवारी, जनमत पार्टीबाट ताराकुमारी राजवंशी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट कमला राजवंशीको उम्मेदवारी परेको छ ।

बुद्धशान्ति गाउँपालिकामा अध्यक्ष पदका लागि ७ र उपाध्यक्ष पदका लागि ११ जनाको उम्मेदवारी परेको छ । जसमा गठबन्धन दलका तर्फबाट नेपाली कांग्रेसका मनोज प्रसाई र उपप्रमुखमा माओवादी केन्द्रका खड्ग तिम्सिनाको उम्मेदवारी परेको हो । नेकपा एमालेका तर्फबाट अध्यक्षमा मीरा भूर्तेल र उपाध्यक्षमा धरणीधर पोखरेलको उम्मेदवारी परेको हो ।

मेचीनगरमा गठबन्धन दलका तर्फबाट नेपाली कांग्रेसका इन्द्र बुढाथोकी प्रमुख र उपप्रमुखमा प्रकाश भण्डारीको उम्मेदवारी परेको छ । नेकपा एमालेको तर्फबाट गोपालचन्द्र बुढाथोकी र उपप्रमुखमा मीना पोखरेल उप्रेतीको उम्मेदवारी परेको छ ।

कनकाईमा गठबन्धनका तर्फबाट रुद्रप्रसाद चिमरिया प्रमुख र उपप्रमुखमा आशा शर्मा शिवाकोटीको उम्मेदवारी परेको छ भने नेकपा एमालेकोतर्फबाट प्रमुखमा राजेन्द्रकुमार पोखरेल र मञ्जु प्रसाईंको उम्मेदवारी परेको छ ।

भद्रपुरमा गठबन्धनका तर्फबाट गणेश पोखरेल र उपप्रमुखमा शिवकुमार राजभण्डारी, नेकपा एमालेकोतर्फबाट प्रमुखमा असारुसिंह राजवंशी र उपप्रमुखमा कौशिला अधिकारीको उम्मेदवारी परेको छ भने राप्रपाका तर्फबाट नवराज पनेरु राजु र उपप्रमुखमा राधा कार्कीको उम्मेदवारी परेको छ ।

हल्दिवारी गाउँपालिकामा गठबन्धन दलकातर्फबाट नेपाली कांग्रेसका अध्यक्षमा तुलसीप्रसाद ओली र उपाध्यक्षमा चन्द्रकला राईको उम्मेदवारी परेको छ भने नेकपा एमालेका तर्फबाट डम्बरबहादुर गिरी र शान्ता गौतमको उम्मेदवारी परेको छ । त्यस्तै राप्रपाबाट अध्यक्षमा रवीन्द्र लिङ्देनको उम्मेदवारी परेको छ ।

त्यस्तै गौरादह नगरपालिकामा प्रमुख पदका लागि ११ र उपप्रमुख पदका लागि ७ जनाको उम्मेदवारी परेको छ । जसमा गठबन्धनका तर्फबाट प्रमुखमा रोहित साहको उम्मेदवारी परेको छ । नेकपा एमालेकोतर्फबाट प्रमुखमा छत्रपति सुवेदी र उपप्रमुखमा जल बर्षा राजवंशी चौधरीको उम्मेदवारी परेको छ ।

उता गौरीगञ्ज गाउँपालिकामा नेपाली कांग्रेसका तर्फबाट अध्यक्षमा फूलवती राजवंशी र उपाध्यक्षमा मखना महत्तो, एमालेबाट विजय अग्रवाल, उपाध्यक्षमा पुजन न्यौपाने, राप्रपाबाट बाबुराजा श्रेष्ठ, उपाध्यक्षमा रानी सोरेन, माओवादीबाट मेनुका राजवंशी, उपाध्यक्षमा विद्यानन्दन राजवंशीको उम्मेदवारी परेको बताइएको छ ।

### निर्वाचनमा ...

कुनै पनि राजनीतिक दल, संगठन वा व्यक्तिले त्यस्ता कार्यमा बालबालिकाको प्रयोग गरे त्यसलाई कसुरको रूपमा मानी दफा ७२ मा ७५ हजार रुपैयाँसम्म जरिवाना र तीन वर्ष कैदको व्यवस्था गरिएको छ । विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ मा पनि बालबालिकालाई राजनीतिक क्रियाकलापमा संलग्न गर्न नहुने उल्लेख गरिएको छ ।

त्यस्तै, निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता २०७८ को परिच्छेद २ अन्तर्गत दफा ४ को उपदफा ६ मा १८ वर्ष उमेर नपुगेका बालबालिकालाई दलका निर्वाचन गतिविधि, प्रचारप्रसार तथा निर्वाचनसँग सम्बन्धित कुनै पनि गतिविधिमा प्रयोग गर्न नहुने स्पष्ट व्यवस्था गरेको छ ।

तर राजनीतिक दलहरूले भने बालबालिकासम्बन्धी ऐनको उल्लंघन गर्दै निर्वाचनसँग सम्बन्धित गतिविधिमा बालबालिकाको प्रयोग गर्न भने छोडेका छैनन् । सोमबार रूपन्देहीको तिलोत्तमा नगरपालिकामा नगरप्रमुखको उम्मेदवारी दर्ता गर्न गएका नेपाली कांग्रेसका उम्मेदवारहरूले पाँच/छ वर्षका बालिकाहरूलाई चुनावी र्‍यालीमा सहभागी गराएको पाइएको छ ।

नेपाली कांग्रेसका सयौं नेता तथा कार्यकर्ताहरूको माझमा बालबालिका सम्बन्धी ऐन, २०७५ र निर्वाचन आचारसंहिताविपरीत पञ्चकन्याको रूपमा साना बालिकाहरूलाई सहभागी गराइएको थियो । मध्य वैशाखको चर्को गर्मीमा सारी र चौबन्दी चोलोसहित गरगहनामा सजाइएका बालिकाहरूले हातमा कलश लिएर राजनीतिक नारा घन्काइरहेका थिए । तिलोत्तमा नगरपालिकामा पाँच दलीय गठबन्धनको भागबण्डामा नेपाली कांग्रेस रूपन्देहीका सभापति तथा गृहमन्त्री बालकृष्ण खाणका सहोदर भाइ रामकृष्ण खाणले नगरप्रमुखमा उम्मेदवारी दिएका छन् ।

उनै खाणले तामझामका साथ निर्वाचन कार्यालयमा उम्मेदवारी दर्ता गर्न जाँदा पञ्चकन्याको रूपमा राजनीतिसँग कुनै पनि सरोकार नभएका अबोध बालिकाहरूको दुरूपयोग गरेका हुन् । बालबालिकाहरूको हित तथा संरक्षणका लागि कानून बनाउने राजनीतिक दलहरूले नै कानूनको खिल्ली उडाउँदै बालिकाहरूको दुरूपयोग गरिएको भन्दै मानव अधिकारकर्मीहरूले आलोचना गरेका छन् । मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय अध्यक्ष गोविन्द खनालले राजनीतिक दलहरूका गतिविधिमा बालबालिकालाई सहभागी गराउने कार्य गैरकानूनी, अव्यवहारिक र अनैतिक रहने बताउँछन् ।

उनले कुनै पनि जिम्मेवार दलहरूले आफूलाई परिस्कृत गराउँदै लैजानुपर्नेमा आफैंले बनाएका ऐन कानून विपरीत काम गरेर आफैंले कमजोर बनाउँदै लगेको बताए । कानूनले नगर्न भनेका कार्यमा बालबालिकाहरूको प्रयोग गर्ने दलहरूलाई नागरिक समाजले बहिष्कार गर्न सक्नुपर्ने उनी बताउँछन् ।

'जिम्मेवार नागरिक समाजले त्यस्ता दलहरूलाई बहिष्कार गरेमात्रै बालबालिकाहरूको प्रयोग गर्नेहरू निरूत्साहित हुन्छन्'- उनले भने । खनालले दलहरूले आफैंले बनाएको कानून हातमा लिएर मिच्ने प्रवृत्तिका कारण दलहरू मात्र होइन लोकतन्त्र समेत कमजोर बन्दै गएको टिप्पणी गरे ।

दुई दशकदेखि बालबालिकाको संरक्षणको क्षेत्रमा काम गर्दै आएकी गैरसरकारी संस्था महासंघकी उपाध्यक्ष सुमित्रा शर्मा आफैंले बनाएका ऐन कानूनविपरीत कार्य गर्दै जाँदा राजनीतिक दलहरूप्रति नागरिकको विश्वास घट्दै गएको बताउँछिन् । 'दलहरूले यस्तै कार्य गरेकै कारण नागरिकको नजरमा गिर्दै गएका छन्, दल र दलका नेताहरूले आफ्नो आचरण सुधार नगरेसम्म यस्ता कार्यहरू दोहोरिरहन्छन्, नागरिक समाजले उनीहरूका गलत आचरणविरूद्ध आवाज उठाउनुपर्ने छ'- उनले भनिन् ।

यता उम्मेदवार बनेका रामकृष्ण खाणले दलका निर्वाचनका कुनै पनि काममा बालबालिकाको प्रयोग गर्न हुँदैन भन्नेमा आफू प्रतिबद्ध रहे पनि बालिकाहरूलाई र्‍यालीमा कसले सहभागी बनायो भन्ने थाहा नभएको बताए । 'म उम्मेदवारी दर्ताको काममै व्यस्त थिएँ, बालिकाहरूलाई कसले सहभागी बनायो भन्ने नै थाहा पाइनँ, मैले पनि त्यतातर्फ ध्यान दिइनँ, अबका गतिविधिमा यस्तो कार्य दोहोरिन दिने छैन'- खाणले भने ।

### भद्रपुरमा ...

असन्तुष्ट बनेका एमाले कार्यकर्ताहरू बताउँछन् । भद्रपुर नगरपालिकामा यस्तै अवस्था देखिएको छ । नगरपालिकाका मेयर र उपमेयरमा बढी मत ल्याउनेलाई छनौट गर्दा वडाध्यक्ष र सदस्यमा बढी मत ल्याउनेलाई उम्मेदवार बन्नबाट वञ्चित गराइएको असन्तुष्ट पक्षले बताएको छ ।

भद्रपुर-६ नम्बर वडाध्यक्षमा प्रेम बरुवालले आन्तरिक चुनावी प्रतिस्पर्धामा सबै भन्दा बढी मतभार ल्याएका थिए । तर, उनलाई पार्टीले वडाध्यक्षको टिकट दिएन । उनी हालका वडाध्यक्ष समेत हुन् । उनका ठाउँमा आन्तरिक चुनावी प्रतिस्पर्धामा चौथो नम्बर आएका सहतलाल राजवंशीलाई वडाध्यक्षको टिकट दिइएको छ ।

वडाध्यक्षमा दोस्रो नम्बर पाएका प्रकाश शर्माले फेरि सदस्यको टिकट पाएका छन् । उनी सदस्यमा नउठ्ने र वडाध्यक्षमा उठ्ने दाउमा रहेका थिए । वडाध्यक्षको तेस्रो दावेदार किरण कार्की थिए ।

वडा सदस्यमा गोपालचन्द्र मण्डल, विभा पासवान, सन्ध्या हाडा र रणधीर ठकुरीको नाम सिफारिस भएको थियो । उनीहरूले नै आन्तरिक चुनावी प्रतिस्पर्धामा बढी मतभार ल्याएका थिए । त्यसमध्ये दुई महिलालाई वडा सदस्यको टिकट दिए पनि एमालेका नगरकै पुराना कार्यकर्ता मण्डल र ठकुरीलाई पार्टीले अन्ततः टिकट दिएन । मण्डल २०२६ सालदेखि एमालेका इमान्दार कार्यकर्ताको रुपमा नगरमा परिचित छन् । उनलाई पार्टीले मूल्यांकन नगरेर पाखा लगाएको छ । मण्डलले भने- एमालेमा बस्नुको अब कुनै अर्थ छैन, पार्टी छाडेर अब स्वतन्त्र जीवन बिताउने छु । मण्डल बंगाली समुदायका अग्रज पनि हुन् ।

पार्टीले जातीयतालाई पनि हरेकपटक बायस गरेर हिँडेको उनको आरोप छ । मण्डल र ठकुरीको स्थानमा प्रकाश शर्मा र दिलीप माझीलाई वडा सदस्यको उम्मेदवार बनाइएको छ । भद्रपुरका अन्य वडामा पनि कार्यकर्ताहरू पनि असन्तुष्ट देखिएका छन् ।

### १७ जनाले ...

शिवराज घिमिरे, अरबिन्द्र अधिकारी, रुद्रप्रसाद निरौला, मोक्षनन्दन निरौला, चन्द्रबहादुर तामाङ र रञ्जीत राईले पार्टी परित्याग गरेका हुन् ।

पार्टीका उच्च तहका नेताहरूले इमानदार र पार्टीप्रति निष्ठावान् नेताहरूलाई जिम्मेवारी नदिई आफू अनुकूलका नेताहरूलाई मात्र जिम्मेवारी दिएका कारण पार्टी परित्याग गर्नुपरेको भद्रपुर नगर इन्चार्ज सञ्जेलले बताए । सञ्जेलले आफूहरू पार्टीको साधारण सदस्य समेत नरहने जनाएका छन् ।

बिगत लामो समयदेखि अनवरत रुपमा विभिन्न महत्वपूर्ण जिम्मेवारी सम्हाल्दै आएका र पार्टी आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएका नेता तथा कार्यकर्तालाई पाखा लगाइ अवसरवादी तथा आर्थिक अपचलन गर्ने नव धनाढ्यहरूलाई काखी च्याप्ने नेता तथा कार्यकर्तालाई मात्र पार्टीको जिम्मेवारी दिएको प्रति गम्भीर ध्यानाकर्षण भएको उनीहरुद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

जिल्लाका केही लोभीपापी नेताहरूका कारण स्वतन्त्र जीवन बिताउन बाध्य भएको सञ्जेलले बताएका छन् । उनीहरुले पार्टी परित्याग गरे पनि अन्य पार्टीमा भने प्रवेश नगर्ने बताइएको छ ।

सञ्जेलले २०५५ सालबाट बिद्यार्थी जीवनबाट राजनीति शुरु गरेका थिए । उनले संकटकालको समयमा पटक-पटक गरी २८ महिना जेल जीवन समेत बिताइसकेका छन् ।


**कपडा पसल बिक्रीमा**

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ ।

मो. ९८४२६९५७८८
९८२६९३०६०५

**सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।**

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटर जस्ता विद्युतीय उपकरण सधैँ लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंस्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**फ्ल्याट भाडामा**

आवासका लागि सुरक्षित र सुविधायुक्त फ्ल्याट भाडामा । बाल्मीकि स्कुल छेउ, बिर्तामोड-१ ।
सिधा सम्पर्क: ९८१५९५२३०३

**ज्योतिष परामर्श सेवा**

के तपाईं आफ्नो जन्मकुण्डली (चिना) १२ राशी ९ ग्रह २७ नक्षत्र एवम् वास्तु शास्त्रमा विश्वास गर्नुहुन्छ ? तपाईको जीवनमा घट्ने घटना भाग्य, व्यापार, पढाई, विवाह, सन्तान, वैदेशिक यात्रा, घरमा भएको वास्तु दोष, कलह, क्लेश, बिरामी आदिको निदान उपायविधिद्वारा सम्पूर्ण रुपमा निराकरणको ग्यारेन्टी गर्नुको साथै शुलभ मूल्यमा चिना टिपन बनाइन्छ । अनलाइनबाट पनि जन्म कुन्डली चिना विश्लेषण गरिन्छ । कुन्डली विश्लेषण ९० भन्दा माथिको ग्यारेन्टी दिइन्छ ।

कश्यप पाण्डे बृहस्पति
दिव्य दृष्टि ज्योतिष एवम् वास्तु परामर्श सेवा
शनिश्चरे ट्याक्सी स्टेन भेटवाल मार्केट, बिर्तामोड, झापा
सम्पर्क : ९८२४०४४१६२, ९८६९६०६७८७

**VACANCY ANNOUNCEMENT**

Hotel Daniel Announcement Vacancy for the following psot .

| S.N. | Position | Qualification | Remarks |
|---|---|---|---|
| 1 | Chef (Cook) | Experience | Good Computer Knowlegde is preferable |
| 2 | Receptionist | Experience | |
| 3 | Waiter | Experience | 10 Class Passed |
| 4 | Kitchen Helper | Experience | |

Note: Salary- Negotiable, Application 2078/01/16.

Hotel Daniel Pvt.Ltd. Birtamode
Jhapa (023-533129, 9852672022, 9842624538, 9842710367



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# आचारसंहिताको पालनामा चुनौति

**व्यग्र प्रतीक्षा गरिएको स्थानीय तहको उम्मेदवारीको विषय पनि टुङ्गिएको छ । आइतबार र सोमबार तोकिएको उम्मेदवारी मनोनयनको समयावधि सकिएपछि उम्मेदवारहरु चुनावी प्रचार–प्रसारमा विधिवत लागेका छन् । आउने कार्यकालमा आफूले गर्ने विकास निर्माण, क्षमता विकास एवम् आय–आर्जनका नयाँ–नयाँ विधि, प्रक्रियाहरु सञ्चालन गर्ने प्रतिबद्धतासहितका घोषणापत्रका साथ मतदातालाई आकर्षित गर्ने रणनीति सबै दल र उम्मेदवारहरुले अख्तियार गर्नेछन् । स्थानीय तहको विभिन्न इकाइको नेतृत्व गर्नेले राज्यकोषबाट प्राप्त हुने वैध–अवैध लाभको आकर्षणले उम्मेदवार बन्न प्रेरित गरेको भनेर टिप्पणी भइरहेका बेला मतदाताले तिनको सामर्थ्य, योग्यता, निष्ठा, विगतका योगदान र भूमिकाको मूल्याङ्कन गर्न सकेनन् भने वास्तविक जनप्रतिनिधि चयन गर्ने महत्वपूर्ण अवसर गुम्न सक्छ ।**

**निर्वाचन महँगो र भड्किलो भएको भनेर विगतमै आलोचित तथ्यलाई मतदाता मात्र होइन राजनीतिक दलहरु, नागरिक समाज तथा प्रबुद्ध वर्गले बिर्सिनु हुँदैन । पैसा र पदकै आडमा मात्र निर्वाचन जित्न सकिन्छ भन्ने स्थापित मान्यतालाई विस्थापित गर्न पनि आममतदातामा सचेतना जाग्नैपर्छ । त्यसकै नियन्त्रणका लागि निर्वाचन आयोगले एक्काइस बुँदे आचारसंहिता पनि जारी गरिसकेको छ । त्यस अनुसार अब उता सभा, जुलुस सभ्य र अनुशासित ढंगले सञ्चालन गरिनुपर्नेछ । कसैको घर नजिक विरोध प्रदर्शन, कोणसभा लगायतका निर्वाचनका गतिविधि गर्न पाइने छैन । सभा गर्नु बहत्तर घण्टाअघि नै स्थानीय प्रशासनसँग अनुमति लिनुपर्नेछ, चुनाव चिह्न अंकित पोशाक, पहिरन लगायत वा मास्क, टोपी, झोला आदि बोक्न पाइने छैन । एकअर्काको दलको कार्यक्रममा अवरोध गर्न नपाइने, सार्वजनिक स्थानमा दलको झण्डा वा व्यक्तिगत चुनाव चिह्न राख्न पाइने छैन ।**

**सेवामुखी वा परोपकारी कार्यमा चन्दा, दान वा अनुदान वितरण गर्न समेत आचारसंहिताले प्रतिबन्ध लगाएको छ । निर्वाचन प्रयोजनमा बालबालिकाको प्रयोग, विज्ञापन सामग्रीको मनलाग्दो प्रचारप्रसारमा समेत रोक लगाइएको आचारसंहिताको कार्यान्वयन भए–नभएको जाँच्न पर्यवेक्षण गरिने र दोषी पाइए उम्मेदवारी रद्द गर्ने सम्मको अवस्था आचारसंहिताले गरेको छ । पर्चा, पम्प्लेट, श्रव्य वा दृश्य सामग्रीमा समेत मनलाग्दो प्रयोगलाई बन्देज गरेको आचारसंहिता तिनै दलहरुले कतिको पालना गरेका छन् निरीक्षण गर्ने योग्य तथा सक्षम जनशक्तिको प्रयोग जरुरी छ । आचारसंहिताले निर्वाचनलाई सभ्य, भयरहीत, स्वतन्त्र र निष्पक्ष बनाउन चाहेको भए उम्मेदवार र दलहरुका गतिविधिलाई सूक्ष्म अनुगमन गर्न जरुरी छ । अझ हिजो पदमा रहेकाहरुले निर्वाचनलाई गरिमामय, विश्वसनीय र स्वतन्त्र बनाउन कस्तो भूमिका निर्वाह गर्छन् त्यतातर्फ पनि ध्यान दिनु पर्छ । प्रतिबन्ध लगाएको दुई पाङ्ग्रे, तीन पाङ्ग्रेदेखि ठूला सवारीसाधनहरुको व्यापक प्रयोग हुन थालेको सन्दर्भमा स्वतन्त्र संस्था लगायत निर्वाचन कार्यालयको अनुगमनको खाँचो देखिन थालेको छ ।**

# विद्यालय शिक्षामा नयाँ शैक्षिक सत्र



**यादव देवकोटा**

दुई वर्षको अस्तव्यस्ततापछि मुलुकको अन्य क्षेत्रले जस्तै शैक्षिक क्षेत्रले पनि गति लिन थालेको छ। वैशाखबाटै विद्यालयमा नयाँ भर्ना शुरु भएको छ। एसईई सम्पन्न भएपछि नयाँ शैक्षिक सत्रको आरम्भ पनि हुन्छ। कोरोना महामारीले गिजोलेको शैक्षिक क्षेत्रले यो दुई वर्षमा भोगेको अनुभवबाट शिक्षण पद्धति र विधिमा परिवर्तन ल्याएर नयाँ शैक्षिक सत्रलाई मुलुकको शिक्षा पद्धतिमा नयाँ आयामका रूपमा लिने अवसर पनि रहेको छ।

शिक्षण प्रणाली र पद्धतिलाई समय अनुसार ढाल्नैपर्छ। समाजको आवश्यकता अनुसार विद्यार्थीलाई अभ्यास गराउनैपर्छ। तसर्थ कोरोना संक्रमणपछि शिक्षण विधिमा र शैलीमा आएको परिवर्तन अनि विद्यार्थीमा विकसित भएको 'नयाँ कुरा सिक्ने' प्रवृत्तिलाई नियमित शैक्षिक अभ्यासका रूपमा स्थापित गर्नुपर्छ र विद्यालयले यो कार्य गरे नेपालको विद्यालय शिक्षामा नयाँ आयाम थपिने छ। यस्तो शिक्षा र अभ्यास गरेका व्यक्ति नै राष्ट्रका लागि सक्षम नागरिक बन्छन्।

शिक्षाको अर्थ किताब पढाएर परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र दिनु मात्रै नभएर यो जीवन पद्धति नै हो भन्ने शैलीमा अब विद्यालय अग्रसर हुनुपर्छ। किनभने कुनै पनि व्यक्तिका लागि शिक्षा जीवनको अपरिहार्य र आधारभूत आवश्यकता भएकैले नेपालको संविधानले शिक्षालाई आधारभूत आवश्यकताको क्षेत्रमा राखेर निःशुल्क शिक्षाको प्रत्याभूति गरेको छ। अहिले संविधानको त्यो प्रावधान लागू हुन नसके पनि शिक्षाको अनेकौं पाटाको विश्लेषण गरेर नयाँ ढङ्गले शिक्षण गराउने प्रक्रियाको थालनी गर्नु आवश्यक छ।

विद्यार्थीको उत्कृष्टता उसको नम्बरमा होइन, उसको क्षमतामा निर्भर हुन्छ। थोरै नम्बर ल्याएर पनि उत्कृष्ट काम गर्ने र धेरै नम्बर ल्याएर राम्रो काम गर्न नसकेका उदाहरण प्रशस्तै छन्। किताबी ज्ञानले मात्रै कोही पनि जान्ने बन्दैनन्। विश्वका महान् आविस्कारकहरू किताबीभन्दा व्यावहारिक ज्ञान लिएर महान् बनेका उदाहरण अनेक छन्। हामीले पनि विद्यालयमा पठनपाठन गराउँदा विज्ञान, प्रविधिसँगै राष्ट्रियताको प्रवर्द्धन गर्ने किसिमले नेपालको पहिचान, गौरवगाथा, धार्मिक, सांस्कृतिक विविधताको चिनारी दिनुपर्छ।

दुई वर्षयता विद्यालय सञ्चालक, शिक्षक, विद्यार्थी र आम अभिभावकले धेरै कुरा सिकेका छन्। किताबबाट मात्रै सबै ज्ञान पाइँदैन भन्ने जानेका छन्। अब यसलाई नियमित अभ्यासका रूपमा अघि बढाएर व्यवहारिक शिक्षालाई पनि सँगसँगै लैजाने कार्यतालिका बनाउनैपर्छ। घोकन्ते पद्धतिमा आधारित नेपालका शिक्षामा विद्यार्थीको क्षमता, उसको कार्यशैली र प्रस्तुतिमा होइन उसले पाउने नम्बरमा देखाइन्छ। यो पूर्णतः गलत नभए पनि एउटा शिक्षिक र सक्षम नागरिक तयार पार्न अर्थात् देशलाई आवश्यक जनशक्ति उत्पादनका लागि पर्याप्त छैन। टुप्पी कसेर सामान्य ज्ञान घोकेको भरमा परीक्षा उत्तीर्ण गर्ने र घोकाइसँगै अभ्यास पनि गर्नेहरूबीच हुने अन्तरलाई केलाउन सकियो भने व्यावहारिक अर्थात् अभ्यासमा केन्द्रित शिक्षा कति आवश्यक भन्ने स्पष्ट हुन्छ।

यसका लागि ठूलो लगानी गर्न पर्दैन। केवल अध्यापन विधिलाई बदले मात्र पुग्छ। अझ शिक्षाको जग मानिएको विद्यालय र त्यसमा पनि शिशु कक्षालाई विशेष ख्याल गरेर शैक्षिक पद्धतिको विकास गर्ने हो भने छोटै समयमा नेपालको शैक्षिकस्तर गुनासोरहीत हुन सक्छ। खासमा शिशु तहदेखि समयसापेक्ष, व्यवहारिक र नैतिक पक्षलाई समेटेर उनीहरूको बौद्धिक, शारीरिक, मानसिक विकास र प्रतिभा प्रस्फुटन गराउने शिक्षा प्रारम्भिक चरणको हुनुपर्छ। तर, नेपालमा त्यस्तो प्रकारको स्पष्ट शैक्षिक नीति छैन। निजी र सामुदायिक विद्यालय भनेर कित्ताकाँट गर्ने चलन छ। समस्या छ- शिक्षा पद्धतिमा, सिकाइ विधिमा।

हामीले आजसम्म बालबालिकाका लागि दिइने प्रारम्भिक शिक्षाका बारेमा खासै बहस गर्न सकेका छैनौं। वास्तवमा शिक्षाको जग प्रारम्भिक शिक्षा नै हो। प्रारम्भमा हामीले जस्तो शिक्षाबाट बालबालिकालाई अघि बढाउँछौं, उसको विकास सोही अनुसार हुन्छ, उसको सिक्ने क्षमता अनि ग्रहण गर्ने क्षमता पनि सोही अनुसार अघि बढ्छ, परिस्कृत हुँदै जान्छ।

जब बालबालिकालाई विद्यालयमा भर्ना गरिन्छ, तब उनीहरूको मनोविज्ञान बुझ्नु शिक्षक-शिक्षिकाको पहिलो कर्तव्य हो। उनीहरूलाई विद्यालय बोझ नभएर मनोरञ्जन गर्ने थलो हो भन्ने अनुभूति दिलाएर उनीहरूको प्रतिभा निखार्ने प्रयास गर्नुपर्छ। खेलकुद, सङ्गीत, कला वा अन्य जुनसुकै विषयमा जसको जस्तो रुची छ, त्यस्तै वातावरण विद्यालयले दिनुपर्छ।

अर्को महत्वपूर्ण कुरा, बालबालिकाको मनोविज्ञान अनुसार उनीहरूका अभिभावकलाई विद्यालयले उनीहरूका छोराछोरीको प्रतिभा, चाहना र क्षमताका बारेमा जानकारी दिएर त्यस्तै वातावरण घरमा पनि तयार गर्न मनाउन सक्नुपर्छ। एउटा कुशल शिक्षक-शिक्षिकामा यति गुण हुनैपर्छ तर हामीकहाँ छोराछोरीले किताबी ज्ञान बाहेक बाहिरी ज्ञान राख्नु वा त्योभन्दा फरक सोच्नु अपराध नै ठानिन्छ। केवल घोकन्ते विद्यामा हामी सबैको ध्यान गढेको छ। यो सबभन्दा खराब पक्ष हो।

बालबालिकालाई दिइने शिक्षा अर्थात् प्रारम्भिक तहबाट दिइने शिक्षा कस्तो हुनुपर्छ भन्ने अहिले संसारभरकै बहसको विषय हो। बच्चालाई शिक्षक, अभिभावक वा विद्यालयले लादेको कुरा मात्र पढाउने कि उसको क्षमता र चाहनालाई पनि ख्याल गर्ने भन्ने महत्वपूर्ण पाटोतिर कसैको पनि ध्यान गएको छैन। विकसित मुलुकमा बालबालिकाको क्षमता र चाहना अनि प्रतिभा अनुसारको शिक्षा दिइन्छ, त्यसैले ती देश विकसित भए। हामीले पनि यो अभ्यासको थालनी नयाँ शैक्षिक सत्रबाटै शुरु गरौं।

आज एउटा बालक वा बालिकाले उसको चाहना र क्षमता अनुसार पाएको ज्ञान नै भोलि मुलुकका लागि काम लाग्छ। लादिएको शिक्षाले केवल शैक्षिक बेरोजगार मात्र उत्पादन गर्छ। आज नेपालमा त्यस्तै भएको छ। विद्यालय तह सकेपछि निम्न आय भएका परिवारका छोराछोरी खाडीतिर श्रम गर्न जाने, अलिक हुनेखानेका छोराछोरी दश जोड दुई तहको पठनपाठन सकेपछि विदेश जाने। हामीले यो परम्पराको अन्त्य गर्नुपर्छ। यसका लागि जग मजबुत बनाउनुपर्छ।

जब बालबालिका औपचारिक शिक्षा आर्जनतर्फ लाग्छन्, तब हामी उनीहरूको तौलभन्दा बढीको किताबको भारी बोकाउने गर्छौं। यसले बालबालिकालाई विद्यालय जानु भनेको ठूलो सजाय काट्नुसरह भएको छ। आजभोलि यो प्रचलन कम हुँदैछ तापनि बालबालिका अझै किताब कापीको भारी बोकेर घरबाट विद्यालय र विद्यालयबाट घर जाने गरेको प्रशस्तै देखिन्छ। यो नितान्त गलत छ।

विद्यालय जानु भनेको रमाइलो गर्न जाने हो भन्ने भावनाको विकास गराउन सक्नुपर्छ। बालबालिकालाई निश्चित उमेर समूहसम्म किताबी ज्ञानभन्दा बाहिरी र व्यवहारिक ज्ञान दिनु आवश्यक छ। साथै उनीहरूको प्रतिभा र क्षमताको पहिचान गर्नु आवश्यक छ। यो समूहमा अध्यापन गराउने शिक्षक-शिक्षिकामा मनोवैज्ञानिक विश्लेषण गर्न सक्ने क्षमता र दयालुपन हुनु अत्यावश्यक छ।

यसका लागि शिक्षक-शिक्षिकालाई तालिमको आवश्यकता पर्छ। बालमनोविज्ञान बुझ्ने क्षमताको विकास गराउनुपर्छ। सामुदायिक विद्यालयका शिक्षक-शिक्षिका तालिम लिएर परीक्षा उत्तीर्ण गरेर नियुक्त भएका हुन्छन्। उनीहरूमा योग्यता छ तर काम गर्ने जाँगर नभएर मात्रै हो। यस्तो किन भयो भन्नेतिर नजाऊँ। विशेषगरी निजी विद्यालयले आफ्ना शिक्षक-शिक्षिकालाई बालमनोविज्ञान बुझ्ने क्षमता विकासमा जोड दिएर शिक्षण कार्य सञ्चालन गर्ने परिपाटीको विकास यही शैक्षिक सत्रबाट गरौँ- यो नेपालको शैक्षिक क्षेत्रको विकासमा अग्रगामी छलाङ हुनेछ। *गोप*




# सुरेशलाई सञ्जयको साथ

बिर्तामोड-१ का सुरेश मण्डल विगत १६ वर्षदेखि ह्वील चियरको सहारामा छन्। २०६३ सालमा धादिङको चरौती पुल नजिकै भएको सवारी दुर्घटनामा परी मेरुदण्ड भाँचिएपछि मण्डल ह्वील चियरको सहारामा छन्।

यात्रुलाई सुरक्षित गन्तव्यमा पुऱ्याउने अठोटका साथ झापाको काँकरभिट्टाबाट काठमाडौंका लागि 'नाइट बस' लिएर हिँडेका उनी अन्ततः जीवनभरका लागि आफैं शारीरिक रुपमा अपाङ्ग बने। हेटौंडाको राप्ती पुल पारिसम्म आफैं बस चलाएर गएका उनलाई खरी खोलाका सहकर्मीले राप्ती पुल पुगेपछि पालो दिएका थिए। साथीले पालो दिएलगत्तै बसको वालेटमा सुतेका माण्डल बिउँझिदा अस्पतालको बेडमा थिए।

चरौती पुल पुगेपछि ट्रकसँग बस ठोक्किएछ मण्डलले भने- 'साथीले पालो दिन खोज्दा बसमा ब्रेक राम्रोसँग लागीरहेको छैन म आफैं कुदाउँछु भनँ तर साथीले म राम्ररी नै कुदाउँछु, तपाई सुत्नु भनेपछि बालेटमा सुतेको थिएँ, बिउँझदा अस्पतालको बेडमा रहेछु।'

'बस दुर्घटनामा परी गर्धन मुनिको भाग मेरुदण्ड भाँचिएपछि हालसम्म ह्वील चेयरको सहारामा दिन बिताउने गरेको छु' -मण्डलले भने- 'आफू दुर्घटनामा परेर अपाङ्ग भएपछि परिवारलाई आर्थिक भारले त थिच्यो नै त्यो भन्दा ठूलो भार सहाराविहीन जस्तै बनेका बा-आमाको दुःख हेर्नु परेको पीडा म कसरी व्यक्त गरुँ!'

हिरा मण्डल र जयकान्त मण्डलका माइला छोरा हुन् सुरेश। सुरेशकै भरोसामा चलेको त्यो परिवारमा अहिले दुःख र पीडा लुकाउने ठाउँ छैन। उमेरले ७० नाघेका वृद्ध बा-आमा, हुर्कँदै गरेका सुरेशका दुई छोराछोरी। त्यसमा सुरेश आफैं आजीवन अपाङ्ग! साँच्चै कहालीलाग्दो पीडा छ सुरेशको।

'समयमा खानको त कुरै छाडौं तिर्खा लाग्दा दुई घुड्की पानी दिने समेत घरमा कोही हुँदैन। शौचालय जान समेत अरुकै भर। ७० नाघेका बा-आमा घुम्तीमा चुरोट-बिडी बिक्री गर्छन्। आएको दुई चार रुपैयाँ घर भाडा तिर्न नै पुग्दैन' -सुरेशकी आमा हिरा भन्छिन्- 'कोठा भाडा चार हजार रुपैयाँ तिर्नुपर्छ, त्यो समेत तिर्न सक्ने अवस्था छैन।'

'छोरा तीन भाइ हुन्' -हिराले भनिन्- 'जेठो टेम्पो कुदाएर जसोतसो परिवार चलाउँछ, माइलाको यो हाल भयो, कान्छो मजदुरी गर्छ। लकडाउन यता काम नपाएर उसैलाई पेट पाल्न धौ-धौ छ।' बिर्तामोडस्थित पश्चिम बसस्ट्याण्ड उत्तर हिमरेश मार्ग पश्चिम टिनको भुइँ घरमा सुरेश भाडामा बस्छन्।

सुरेशको कष्टपूर्ण दैनिकी देखेर बिर्तामोडका सञ्जय चौधरीले सहयोगी हात अघि बढाए। सुरेशको परिवारमा गुजारा चलाउनै समस्या परेको थाह पाएसँगै बिर्तामोड-१ का सञ्जयले उनलाई आवश्यकपर्ने खाद्यान्नदेखि लत्ताकपडा, जुत्ताचप्पल र आइप्याड फोनसम्म सबै उनले दिएका छन्।

सञ्जय र सुरेश बाल्यकालका हितैसी रहेछन्। पूर्वाञ्चलकर्मी सुरेशको घर पुग्दा माहोल बेग्लै थियो। एकअर्काको अँगालोमा रोइरहेका थिए। त्यो दृष्य वास्तविक र साँच्चै कारुणिक थियो। दुबै जना रोएको देखेपछि छरछिमेक समेत उनीहरुलाई सम्झाउन लागे। सुरेशका लागि लगिएको सामग्री छरछिमेकले ओसार्न सघाए। कतिपय सामग्री सञ्जय आफैंले सुरेशको घरमा पुऱ्याएर सबैभन्दा पहिला आइ प्याड सुरेशलाई थमाउँदै भने- 'तिम्रो यो हालत हुँदासम्म मलाई कसैले थाह दिएन, अब तिम्रो लागि म छु।'




'साथी विपद्मा परेर यो हालतमा रहेछ, उसलाई सहयोग गर्नु मेरो पहिलो कर्तव्य हो' -सञ्जयले भने- 'हामी त निम्न परिवारमा हुर्कियौं, मोहनमाया स्कूलमा २ कक्षादेखिसँगै पढ्यौं, पछि को-कता को-कता भइयो। अहिले आएर साथीको यो हालत देख्दा मन थाम्न सकिनँ। तत्कालका लागि थोरै सहयोग सामग्री बोकेर आएको हुँ। अब उसको रेखदेख र भरणपोषणको सबै जिम्मा मेरो भयो।'

'सुखमा सवै साथीभाइ हुन्छन्' -सञ्जयले थपे- 'आपत विपद् पर्दा आफन्त पनि टाढिन्छन्, सुरेशको श्रीमतीले पनि यो अवस्थामा उसलाई छाडेको सुनेँ ज्यादै नरमाइलो लागेको छ। म अरु त भन्दिनँ सुरेशलाई म रहुञ्जेल खान, बस्न र लगाउनको सबै जिम्मा लिन तयार छु।'

साथीलाई मनोवल उच्च बनाउन सल्लाह दिँदै सञ्जयले भने- 'बा-आमाको पनि चिन्ता नगर्नु, वर्षभरि खान पुग्ने चामल किनेर ल्याइदिन्छु। आमासँग मोबाइल रहेनछ, त्यो पनि ल्याइदिन्छु। आमालाई भन्नु परिवारमा अर्को छोरा थपियो।'

साथीलाई उपकार गर्न सञ्जय छोरा साइरललाई लिएर सुरेशको घर गएका थिए। छोरालाई सिकाउँदै सञ्जयले भने- 'बाबु जीवनमा कोहीसँग घमण्ड नगर्नु, सहयोगी बन्नु, सबैलाई दिएर खानु, यही नै मानवको ठूलो धर्म हो।' शरीरभरी ट्याटु, तिलको दाना राख्ने ठाउँ छैन, हेर्दै गुण्डा जस्तो, तर कति मनकारी, साथीका लागि मरिहत्ते गर्ने -छिमेकी भन्दै थिए। साथी हुन् त यस्ता मित्रताको अनुपम उदाहरणका रुपमा द्वापर युगका भगवान श्रीकृष्ण र सुदामा जस्ता।

'सुरेशको यो अवस्था थाह पाएर सहयोग सामग्री बोकेर आउने चौधरी साँच्चै मनकारी रहेछन्।' -स्थानीय गोविन्द अधिकारी भन्छन्- 'अहिलेको जमानामा कसले यत्रो विधि गर्न सक्छ?'

'सुरेशका लागि सञ्जय साच्चै कृष्ण बनेर आए। हाम्रा लागि समेत यो खुशीको कुरा हो। सुरेशको जीवनमा खुशीका रेखा दौडियुन्' -अधिकारीले भने- 'भगवानले एक दिन सबैलाई हेर्छन् भन्थे हो रहेछ।'

**प्रस्तुति : सुरेन्द्र भण्डारी**

# युवालाई स्वरोजगार अनुदान




**बिर्तामोड, बैशाख १२।** कृषि ज्ञान केन्द्र झापाले जिल्लालाई तरकारीमा आत्मनिर्भर बनाउन ३० युवालाई प्रोत्साहन गर्ने उद्देश्यले रु. एक लाखका दरले अनुदान दिने भएको छ।

वैदेशिक रोजगारबाट स्वदेशी फर्किएका र बेरोजगार अवस्थामा रहेका जिल्लाका १८ वर्षदेखि ५० वर्षसम्मकालाई स्वरोजगार बनाउन सो रकम अनुदान दिने भएको हो। प्रदेश नम्बर १ को सरकारले च्याउ, मह र तरकारी खेतीका लागि सो रकम कृषि ज्ञान केन्द्रलाई उपलब्ध गराएको छ।

केन्द्रले जिल्लास्तरीय लाभग्राही छनोट समिति मार्फत धमाधम युवाले भरेको फार्मको आधारमा वेरोजगारको पहिचान गरी छनोट गरेको छ। छनोटमा परेका युवालाई सो रकम प्रदान गरेर कृषिमा प्रोत्साहन गर्न लागेको ज्ञान केन्द्रका सूचना अधिकारी गणेश शिवाकोटीले जानकारी दिए।

ज्ञान केन्द्रका प्रमुख सागर विष्ट अध्यक्ष रहेको समितिमा आन्तरिक कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, जिल्ला भेटनरी अस्पालका प्रमुख र कृषि विकास बैंकका प्रमुख सदस्य रहेका छन्।

उनले जिल्लामा नौ हजार एक सय ४५ हेक्टर जमिनमा प्राङ्गरिक मौसमी तथा बेमौसमी तरकारी खेती भइरहेको बताए। किसानलाई व्यावसायिक तरकारी खेतीमा प्रोत्साहन गर्ने उद्देश्यले प्रदेश र सङ्घीय सरकारले रु. एक लाखदेखि रु. एक करोडसम्म अनुदान रकम प्रदान गर्दै आएको बताए।

बुद्धशान्ति गाउँपलिका-६ मा तरकारी ब्लक विकास कार्यक्रम सञ्चालन भइरहेको उनले जानकारी दिए। ब्लक विकासका लागि मल, बीऊ, टनेल, ग्रिन हाउस लगायतका पूर्वाधार विकासमा सरकारले रु. २५ लाख अनुदान प्रदान गरेको छ। जुन अनुदान किसानको लगानीको ५० प्रतिशत हो।

जिल्लाका दमक, बिर्तामोड, कनकाई नगरपालिका र कमल गाउँपालिकाका विभिन्न स्थानमा महिला समूह, सहकारी र कृषि फार्म मार्फत ठूला-ठूला व्यावसायिक तरकारी खेती भइरहेको छ। सरकारको लगानी अनुसारको प्रतिफल समेत राम्रै भइरहेको उनको भनाइ छ।

सरकारले पछिल्लो समय कागती खेती, मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम र रैथाने बाली संरक्षणका लागि विभिन्न कार्यक्रम ल्याएको छ भने बगर खेती विकास प्रवर्द्धन कार्यक्रम समेत लागू गरेको छ। यतिधेरै तरकारी खेतीमा सरकारले लगानी गरे तापनि किसानले मौसमी उत्पादनलाई बढी जोड दिने र बेमौसमी तरकारी खेतीमा खासै चासो नदिने हुँदा सोचअनुरुप हुन नसकेको उनको बताए।

विगतमा भन्दा तरकारी खेतीमा किसानको आकर्षण बढेको देखिन्छ। जिल्लाका विभिन्न स्थानमा काक्रा, करेला, बोडी, कुरिलो, च्याउ उत्पादन भइरहेको छ। किसानले उत्पादन गरेको तरकारीले हाल स्थानीय बजारमै खपत भइरहेको उनको भनाइ छ।

# गर्मीमा फ्रिजको पानी पिउनु कति स्वस्थकर ?



अहिलेको मौसममा गर्मीले औडाहा भएपछि चिसो पेय वा फ्रिजको पानी पिउनु सामान्य कुरा हो। फ्रिजमा चिसो पारिएको पानीले तत्काल हामीलाई आनन्द आउँछ। तर, यसरी पिएको पानी नै हाम्रा लागि कालान्तरमा स्वास्थ्य समस्याको कारण बन्न सक्छ। के-के छ त फ्रिजको चिसो पानी पिउनुको हानी ?

- चिसो पानी पिउँदा श्वासनलीमा कफ बन्न जान्छ। श्वासनलीको सुरक्षार्थ हुने पत्रमा कफ जम्मा हुँदै जाँदा विभिन्न संक्रमण हुन पुग्छ। यसले घाँटी खराब हुने खतरा बढाउँछ।
- मानव शरीरको सामान्य तापक्रम ३७ डिग्री सेल्सियस हुन्छ। जब कुनै चिसो चिज पिइन्छ तब त्यसलाई सामान्य तापक्रममा बदल्न शरीरको ऊर्जा खर्च हुन्छ। खाएको पदार्थ पचाउन र पोषकतत्व शोषणका लागि प्रयोग हुनुपर्ने ऊर्जा अन्यत्र खर्च हुँदा शरीरलाई पोषक तत्व प्राप्त हुन सक्दैन।
- बरफ वा चिसो पानी पिउँदा मुटुको गति कम हुने खतरा पनि रहन्छ। चिसो पानीले 'भेगस नर्भ' उत्तेजित पार्छ। भेगस नर्भको काम शरीरको पराधीन कामलाई नियन्त्रित गर्नु हो। यसले मुटुको गति कम गर्न मध्यस्थता गर्छ। चिसो पानीले भेगस नर्भ उत्तेजित पारेपछि मुटुको गति कम हुन थाल्छ।
- फ्रिजमा राखिएको अत्यधिक चिसो पानी पिउँदा पाचन प्रक्रियामै बाधा उत्पन्न हुन्छ। चिसो पानीले रक्तबाहिनी नली खुम्चिन पुग्छ। यसले पाचन पक्रिया गति सुस्त बनाउँछ। खाएको कुरा ठीक तरिकाले पाचन भएन भने खानामा भएका पोषकतत्व शरीरले पाउँदैन।

# इलेक्सन मेनेजमेन्टको व्यवसायिक शुरुवात

**झापा, बैशाख १२।** नेपालमा चुनावी अभियान व्यवस्थापन (इलेक्सन मेनेजमेन्ट)को व्यवसायिक शुरुवात भएको छ।

करिब एक वर्षदेखि कम्पनी स्थापना गरेर आन्तरिक अभ्यास तथा गृह कार्यमा रहेको युवाहरुको एक समूहले नेपालमै पहिलो पटक इलेक्सन म्यानेजमेन्टको व्यवसायिक शुरुवात गरेको हो। विभिन्न क्षेत्रका दक्ष युवा, विज्ञ तथा विदेशमा यस्तो अनुभव लिएकाहरुको टीम नै निर्माण गरेर प्रिज्मा टेक्नोलोजिज मार्फत् इलेक्सन क्याम्प म्यानेजम्यान्ट एजेन्सी शुरु गरेको छ।

'विश्वका उत्कृष्ट राजनीति अभ्यास भएका देशमा यस्तो अभ्यास छ' -प्रिज्मा टेक्नोलोजिजका सीइयो तथा प्रिज्मा ग्रुपका अध्यक्ष राजेन्द्र चटौतले भने- करिब एक वर्षदेखि हामीले इलेक्सन क्याम्प म्यानेजेमेन्ट एजेन्सी शुरु गरेका छौं, हामीलाई जानकारी भएसम्म यो नेपालमै पहिलो पटक हो।'

विगत केही वर्षदेखि नेपालको राजनीतिक अवस्था, मौलिकता, विगतका चुनावी परिणाम, पार्टी तथा बिभिन्न संघ-संस्थाका चुनावी एजेण्डा तथा राजनीतिप्रतिको नागरिक धारणाबारे अध्ययन गरिरहेको केही संस्थागत चुनावमा अभ्यास पनि गरिसकेको यो समूहले जनाएको छ।

'यो बीचमा हामीले विगतका चुनाव र प्रचार अभियान, घोषणा पत्र, तिनमा नागरिकको आकर्षण बारे गहन् अध्ययन गर्यौं' -चटौतले भने- 'पैसा भए चुनाव सजिलै जितिन्छ भन्ने मनोविज्ञान विकास हुँदै गएको पाइन्छ। उनका अनुसार साझेदारी गर्ने व्यक्ति, पार्टी वा संगठनलाई चुनावी मुद्दा, नारा, कार्यक्रम, प्रचार सामग्री निर्माण र चुनाव सम्बन्धी सम्पूर्ण गतिविधिमा प्रत्यक्ष सहयोग पुऱ्याउने छ।

फिल्ड सर्भे, गराउण्ड एनालाइसीस, डाटा एनालाइसीस, डेमोग्राफिक सर्भे, सोसियो इकोनिमिक सर्भे, पब्लिक सेन्टिमेन्ट एनालाइसीस, आर्टिफिसीयल ऐन्टिलिजेन्स, पोलिसी मेकिङ्ग तथा डिजिटल प्लेटफर्मको प्रयोग मार्फत् उम्मेदवारलाई चुनावमा सफल बनाउने रणनीति तय गरिने यो समूहले जनाएको छ। सभ्य चुनाव र राजनीतिक संस्कार निर्माणका लागि पनि आफूहरुले यस्तो कार्य थालनी गरेको यो समूहको दाबी छ।


## विशेषज्ञ डाक्टरहरूको सेवा

**डा. अजय अग्रवाल**
MBBS, MD
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
प्रत्येक दिन बिहान : ८:३०-९:३०
बेलुका ५:००-६:०० बजेसम्म

**डा. पिताम्बर ठाकुर**
MBBS, MD
वरिष्ठ फिजीसीयन
प्रत्येक दिन बिहान : ११:००-१:००
दिउसो ३:००-५:०० बजेसम्म

अन्य सेवाहरु : हाडजोर्नी तथा नशा रोग, बालरोग, नाक, कान, घाटी रोग, छाला तथा यौनरोग, बाथरोग तथा टाउको तथा मानसिक रोगको विशेषज्ञ डाक्टरहरुद्वारा दैनिक सेवा उपलब्ध छ।

नोटः यहाँ डिजिटल एक्स-रे, भिडियो एक्स-रे, इसीजी तथा आधुनिक प्याथोलोजी ल्यावको सेवा रहेको छ।

सम्पर्कः **ठाकुर पोलीक्लीनिक**
बिर्तामोड, पश्चिम स्टेण्ट, फोन नं. : ०२३-५९०००८, ९८१७९६४७७९

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## कर्मचारी आवश्यकता

यस टाटा पेन्ट्स मेची डिपोको लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

१) पद : मार्केटिङ्ग मेनेजर — संख्या : १ जना
*मोटरसाइकल र लाइसेन्स भएको*
तलब : १५,०००।- देखि २५,०००।- सम्म

२. पद : सेल्स मेन — संख्या : १ जना
*मोटरसाइकलको लाइसेन्स भएको*
तलब : ८०००।- देखि १२,०००।- सम्म

सम्पर्क : ९८५२६३०६१०, ९८०४३९४९२६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्कः
9808705206
9863983668
9807930740
9827930240




## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्कः ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा

घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिसः ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

## नेपाल सरकार
### भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
### गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तबजार, झापा

## दुबईको ELIGHT Security कम्पनीबाट LIFE GUARD र Security Guard मा रोजगारको अवसर

कम्पनी : BAKMART CO.
LT No. 212236 — चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

नोटः फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1200/- AED ग्यारेन्टी गरिन्छ। उमेरको हकमा १८ वर्षदेखि ३८ वर्षसम्मका महानुभावले सम्पर्क गर्नुहोला।

कम्पनी : Elight Security Co.

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Life Guard | 80 | 1800/- AED | १२ घण्टा २६ दिन | छ/छ | २ वर्ष |
| २. | Security Guard | 80 | 1800/-AED | | | |

फाइनल अन्तरवार्ता बैशाख १६ गते शुक्रबार बिर्तामोडमा हुनेछ।

**सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९, ९८५२६७४४३९)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।


**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ।*




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बोलिको प्रभावले दुश्मनी बढ्न सक्छ, बोल्दा विचार पुऱ्याउनुहोला, परिवारजनमा स्वास्थ्यको समस्या देखापर्न सक्छ, खानपानमा ध्यान दिनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्वास्थ्य सम्बन्धी समस्या देखा पर्न सक्छ, मन अशान्त रहनेछ, कष्ट, रोग, घाटा, आकश्मिक संकटको सामना गर्नुपर्ला मन खिन्न रहनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आजको दिन तपाईको पक्षमा छ, नयाँ कामको थालनी गरे उपयुक्त लाभ मिल्नेछ, विपरीत लिङ्गी साथीबाट यथोचित लाभ मिल्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मन प्रशन्न रहला, चिताएका काममा साथीभाइको पूर्ण सहयोग पाइने छ, माया मारेको सम्पत्ती प्राप्त हुने योग रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पेट सम्बन्धी समस्या हुन सक्दछ, टाढाबाट दुःखदायी खबर सुन्नुपर्ला, तत्काल हतार गरेर फाइदा लिन खोज्दा भविष्यमा नोक्सान हुने देखिन्छ, सतर्क रहनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** बोलिको प्रभावले काम बन्ने देखिन्छ, छोटो दूरीको यात्रा गर्नुपर्ला, साथीभाइसँग रमाइलो भेट हुने योग रहेको छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय दिननसक्दा बन्न लागेको काम बिग्रन सक्लेछ, मेहनतले सम्मानित स्थान दिलाउनेछ, सहयोगीहरूले साथ दिनेछन्।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मान, प्रतिष्ठा, इज्जत बढ्नेछ, विपरीत लिङ्गीहरू आकर्षित हुने छन्, लामो दूरीको यात्राको तय गरिने छ, खानपानमा ध्यान दिनु होला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** खर्चको मात्रा बढेर जानेछ, आम्दानी गर्न निक्कै परिश्रम गर्नुपर्नेछ, कामको राम्रै मूल्याङ्कन भए पनि प्रतिफल हात पार्न कडा परिश्रम गर्नुपर्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला, रचनात्मक कार्य प्रारम्भ गर्ने योग छ, बिछोडिएका परिवारसँग भेट हुने योग परेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तत्काल हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुन सक्छ, यात्राको प्रक्रिया अघिबढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ।